नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

पो.ब.नं. : ३९८७
सिंहदरवार, काठमाडौं

कर्मचारी प्रशासन शाखा

पत्र संख्या :- क.प्र./हि.फा./०८०/८१ नं. १२५३

मिति :-

चलानी नं. :-

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरवार, काठमाडौं

मिति: २०८०/१०/०९

## आवेदन दिने सम्बन्धी सूचना

कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरुमा शैक्षिक सत्र २०८०/०८४ मा B.Sc. Forestry विषय अध्ययनका लागि आवेदन सम्बन्धी पत्र प्राप्त हुन आएकोले संलग्न पत्र/सूचनाका आधारमा मिति २०८०/१०/१२ गते भित्र इच्छुक र योग्यता पुगेका उम्मेदवारहरुले आफू कार्यरत कार्यालय मार्फत यस मन्त्रालयमा आवेदन गर्नु हुन आदेशानुसार सूचित गरिन्छ।

१०/१०

(न्युटन लम्साल)
शाखा अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(जनशक्ति योजना तथा विकास शाखा)

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- ०८०।८१

चलानी नं.:- ३५८

मितिः वि.सं. २०८०/१०/०४
ने.सं. ११४४ पोहेलाथ्व, ०८ बिहीबार

विषयः -निर्णय सम्वन्धमा ।

श्री वन तथा वातावरण मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

त्यहाँ मन्त्रालयका विभिन्न मितिका पत्रका सम्बन्धमा निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०ख को उपदफा (३) बमोजिम गठित समितिको मिति २०८०/१०/०३ गते बसेको ३८० औं बैठकबाट तपसिल बमोजिम निर्णय भएको व्यहोरा अनुरोध छ ।

तपसिलः

| क्र. सं. | प्राप्त पत्रको च.नं र मिति | अध्ययन/तालिम / अध्ययन भ्रमणको विषय | सिट संख्या | अध्ययन/तालिम/ अध्ययन भ्रमण | शैक्षिक सत्र | कार्यक्रम हुने देश/विश्वविद्यालय | छात्रवृत्ति वितरण गर्न प्रस्तावित निकाय र निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| १. | प.सं. क.प्र/टि.फा./०८०/८१ च.नं.११५६, मितिः २०८०/०९/०६ | (B.Sc. Forestry) | 5(Five) (Hetauda-3 and Katari - 2) | Study | शैक्षिक सत्र २०८०/८४ | नेपाल/ कृषि तथा वन विज्ञान विश्वविद्यालय वा अन्तर्गत | वन तथा वातावरण मन्त्रालयले सम्वन्धित सेवा/समूहका कर्मचारी मनोनयन गर्न स्वीकृति प्रदान गर्ने । |

२०८०/१०/०४

(प्रियंका ओझा)
शाखा अधिकृत

# कृषि तथा वन विज्ञान विश्वविद्यालय
# वन विज्ञान संकाय
## डीनको कार्यालय
हेटौंडा, मकवानपुर

च. नं. । ४६६/०८०।०८१ (पो.प.शा.)

मिति: २०८०/०८/२१ गते

श्री वन तथा वातावरण मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

विषय:- विद्यार्थी मनोनयन गरी पठाई दिने वारे ।

प्रस्तुत विषयमा कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गत यस वन विज्ञान संकायको शैक्षिक सत्र २०८०–२०८४ स्नातक तहको प्रवेश परीक्षाको नतिजा मिति २०८०/०८/१८ गते प्रकाशित भई मिति २०८०/०८/२० गतेबाट Counselling प्रकृयाबाट वन विज्ञान संकाय, हेटौडा-मकवानपुर र प्राकृतिक स्रोत व्यवस्थापन कलेज, कटारी-उदयपुरको लागि भर्ना शुरु भईसकेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

सोही सन्दर्भमा त्यस मन्त्रालय र यस विश्वविद्यालय विच भएको MoU अनुसार स्नातक तहमा ५ (पाँच) जना (हेटौडा-३ र कटारी-२) तोकिएको कोटामा मन्त्रालयबाट आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका व्यक्तिहरु मनोनयन भई आएमा यस संकायले भर्ना लिने सहमती भएको हुँदा यथाशिघ्र त्यस मन्त्रालयबाट उक्त तहमा अध्ययनको लागि विद्यार्थी मनोनयन गरी पठाई दिनु हुन अनुरोध गर्दछु।

( डा. गान्धिव काफ्ले )
डीन

बोधार्थ:-
।१। श्री वन तथा जलाधार विभाग,
बबरमहल, काठमाण्डौ ।
।२। श्री वातावरण विभाग,
बबरमहल, काठमाण्डौ ।
।३। श्री राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग,
बबरमहल, काठमाण्डौ ।
।४। श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाण्डौ ।
।५। श्री वनस्पती विभाग,
बबरमहल, काठमाण्डौ ।

O श्री योजना अनुगमन तथा समन्वय महाशाखा
O श्री जलवायु परिवर्तन व्यवस्थापन महाशाखा
O श्री प्रशासन महाशाखा
O श्री सहभागितामूलक
O श्री वातावरण तथा जैविक विविधता महाशाखा
O श्री वन तथा जलाधार महाशाखा